# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | AUGUST 2023 | No. 08


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह १०३:८-१७**

८. परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला र अति करुणामय हुनुहुन्छ ।
९. उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैंभरि क्रोध पनि लिइराख्नुहुन्न ।
१०. उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न ।
११. किनकि पृथवीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ ।
१२. पश्चिमबाट पूर्व जत्ति टाढा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढा हटाइदिनुभएको छ ।
१३. जसरी बुबाले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुनेछ ।
१४. किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ ।
१५. मानिसको आयु त घाँसको आयुजत्तिकै छ, मैदानको फूलझैं त्यो ढकमक्क फुल्दछ,
१६. अनि बतास त्यस फूलमाथि भएर जान्छ र त्यो विलीन हुन्छ र त्यसको ठाउँले पनि त्यसको याद गर्दैन ।
१७. तर परमप्रभुको करुणा आफ्ना भक्तहरूमाथि र उहाँको धार्मिकता तिनीहरूका छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ ।



# आकोरको बेंसी: आशाको ढोका

**THE VALLEY OF ACHOR: A DOOR OF HOPE!**

**बहिनी एन्जलिन सेल्भाकुमारी**



येशू खीष्टको नाउँमा अभिवादन । परमेश्वरको अनुग्रहको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु, जसले हामीलाई २०२३ को विगत ७ महिनादेखि कायम राख्नुभएको छ । केही मानिसहरूका निम्ति यो अहिलेसम्म आशिषित वर्ष भएको हुन सक्छ, अरूका निम्ति नभएको पनि हुन सक्छ । केही मानिसहरूका निम्ति यो तिनीहरूको जीवनको सबैभन्दा नराम्रो वर्ष भएको हुन सक्छ, अरूका निम्ति यो अत्यन्तै उत्पादनशील भएको हुनु पर्छ ! हरेक परिस्थितिमा हामीले के कुरा सम्झनु जरुरी छ कि परमेश्वर असल हुनुहुन्छ र उहाँले गर्नुहुने हरेक थोक असल हुन्छ ! हामीले आफ्नो आशा, आफना् भरोसा र आफ्नो आत्मविश्वास परमेश्वरमाथि राख्छौं भने उहाँले हरेक सबै कामलाई भलाइ बनाउनुहुन्छ (असल, खराब र नराम्रो) । उहाँको समयमा हरेक थोक आशिषमा परिणत हुनेछन् किनभने उहाँ विश्वासयोग्य परमेश्वर र असल पिता हुनुहुन्छ ।

जब मैले यहोशूको पुस्तक पढिरहेको थिएँ, आकोरको बेँसीमा भएको घटनाद्वारा म अत्यन्तै घबराएको थिएँ । अत्यन्तै निरासाजनक र हिंस्रक कथा । **आकान र उसको सम्पूर्ण परिवारलाई नमरेसम्म ढुङ्गा हानिएको र आगोमा जलाइएको स्थान, त्यसैले इस्राएलीहरूले सो स्थानलाई आकोरको बेँसी भन्दछन्** (यहोशू ७:२५,२७) ।

*बाँकी पृष्ठ ४ मा*


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब खीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



## तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



परमप्रभुले तिमीहरुलाई आशिष् देऊन र तिमीहरुलाई रक्षा गरुन् (गन्ती ६:२४) ।

## जालो तोडिन्छ ! यो तपाईंको समय हो !!

**THE NET BREAKS! THIS IS YOUR TIME!!**

परमेश्वरका प्रिय छोराछोरीहरू !

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाप्न नसकिने नाउँमा हामी तपाईंलाई प्रेमिलो रूपमा अभिवादन गर्दछौं ।

विश्वव्यापी धारणाको तुलना गर्दै, हामी हरेक तरिकाबाट संसारभरि येशू ख्रीष्टको सुसमाचार लैजाने चाहना गर्दछौं । हाम्रा तल दिइएका सेवकाइहरू सीमाहरूभन्दा पनि बाहिर अघि बढिरहेका छन्:

१. हुलाक र इमेलबाट १६ वटा भाषाहरूमा **बोलावटको प्रतिध्वनि** पत्रिका
२. ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू (तामिल, अंग्रेजी र हिन्दी भाषाहरूमा)
३. मण्डलीका सेवकाइहरू (मुख्य मण्डली र शाखा मण्डलीहरू)
४. **नहेम्याह बाइबल कलेजहरू** (चेपकाउ र सान्थोसापुरम- तामिल र भेलाचेरी- हिन्दी)
५. **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** (अंग्रेजी मिडियम)
६. **बोलावटको प्रतिध्वनि** छापाखाना



*Some of the Graduated Students along with Pastor Sam - 2023*

७. **Echo of His Call** यूट्यूब च्यानल, जसले हरेक दिन बिहान ५ बजे तामिल, तेलगु, हिन्दी र अंग्रेजी भाषामा परमेश्वरको ५ मिनेटको सन्देश अपलोड गर्दछ । आइतवार पनि सन्देशहरू अपलोड हुन्छन् । अन्य मिडियाका सेवकाइहरू पनि छन् ।

मथिका सबै सेवकाइहरूका निम्ति परमेश्वरले आफ्नो अनुग्रह प्रदान गरिरहनुभएको छ । योचाहिँ तपाईंका प्रार्थना, उत्साहका वचनहरू र सहायताबाट निश्चित भइरहेका छन् । जब हामी यो सेवकाइलाई विश्वासयोग्य र इमानदारीपूर्वक गर्दछौं, दुष्टले आफ्ना धूर्त योजनाहरूको साथमा हामीमाथि आक्रमण गर्ने कोसिस गरिरहेको छ, जुन हामीले खुल्लमखुल्ला कुराकानी गर्न सक्दैनौं । के तपाईंले हाम्रो निम्ति प्रार्थना गरिदिनुहुनेछ ?

हाम्रो **नहेम्याह बाइबल कलेजहरूका** क्रियाकलापहरू अत्यन्तै तीब्र गतिमा विकास भइरहेका छन् । हुलाकबाट (बाइबलकोर) र ईश्वरशास्त्रीय पत्राचार कोर्सबाट बाइबल कोर्सहरू सुरु गर्न हामीलाई सहायता गर्नुभएको प्रभुले अहिले नयाँ नियमित कोर्सहरू प्रदान गर्न हामीलाई सहायता गर्नुभएको छ (साँझ र आवासीय) ।

### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager
Dr. Rabinder Boaz, M.S.
Bro. K. Puratchivendan

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call



**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Media Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development



*Nehemiah Bible College - Santhoshapuram – Special meeting*

सान्थोसापुरममा बाइबल कलेज पुनः सुरु गर्ने सन्दर्भमा हाम्रो **नहेम्याह बाइबल कलेजहरूका** ईश्वरशास्त्रीय विद्वानहरू र विशेष पाहुनाहरूको बैठक सान्थोसापुरममा भएको हाम्रो सेवकाइको प्राङ्गणमा जून ४ मा भएको थियो ।

हाम्रो सान्थोसापुरम क्याम्पनमा तेस्रो **नहेम्याह बाइबल कलेज** सुरु गर्न र सी.टिएच. प्रार्थनापूर्वक निर्णय पनि भएको थियो र त्यसैले हामी यो कार्यमा सक्रिय रूपमा संलग्न छौं । परमेश्वरका मानिसहरूका हृदयमा प्रश्न उब्जिएको हुन सक्छः "सेवकाइमा पहिले नै धेरै संघर्षहरू र समस्याहरू छन्, किन नयाँ सेवकाइ सुरु गर्नुभएको ?" नयाँ योजनामा जोखिम मोल्न परमेश्वरले हाम्रो हृदय उत्तेजित पार्नुभएको कुरा सत्य हो । त्यसैले हामी शान्त रहन सक्दैनौं । प्रभुको इच्छाअनुसार हरेक थोक हुनेछ ।



हामीसँग केवल एउटा जीवन छ र त्यो चाँडै नै सिद्धिन लागेको छ !! हाम्रो प्रभु येशू ख्रीष्टको निम्ति सम्भव भएका हरेक थोक गर्नु मेरो हृदयको चाहना हो ।

हामीसाग पहिले नै २०० भन्दा धेरै पूर्णकालीन कर्मचारीहरू र परमेश्वरका स्वयंसेवकहरू छन्, जो हाम्रो सेवकाइमा हुनुहुन्छ । तापनि हामीसँग कर्मचारीहरू र आर्थिक कुराको अभाव छ, यो नयाँ कलेजको योजना संचालन गर्न हामी बाइबलको पदलाई लिएर अगाडि बढेका छौं, जसले भन्दछ । **"हेर्, त्यो घमण्डले फुलिएको छ, त्यसका इच्छाहरू सोझा छैनन्- तर धर्मीचाहिँ आफ्नो विश्वासद्वारा जिउनेछ"** (हबकूक २:४) । **"तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ र यदि ऊ पछि हट्छ भनेता म उसँग खुसी हुनेछैनँ"** (हिब्रू १०:३८) ।



लूका ५ अध्यायमा येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई आफ्नो क्षमताभन्दा बाहिर पनि धेरै माछाहरू पक्रन कसरी सक्षम बनाउनुभएको थियो भनेर पढ्छौं । तिनीहरूले ठूलो संख्यामा माछा पक्रेका थिए कि तिनीहरूका जाल फाट्न लागेका थिए । तिनीहरूले अन्य डुङ्गामा भएकाहरूलाई सहायताको निम्ति बोलाउनुपरेको थियो किनकि तिनीहरूबाट मात्रै त्यो सम्हाल्न सकिएको थिएन ।

**तिनीहरूले अर्को डुङ्गामा भएका साझेदारहरूलाई आएर सहायता गर्ने इशारा गरे र आएर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे** (लूका ५:७) ।

त्यसै गरी प्रभुले अनगिन्ती आश्चर्यकर्महरू गरेर र मोलको रूपमा असंख्य आत्माहरू हामीलाई दिएर **बोलावटको प्रतिध्वनिका** सबै सेवकाइहरूलाई आशिष् दिनुभएको छ ।

हाम्रा सेवकाइहरूमा आउन र हेर्न तपाईं पाठकहरूलाई पनि हामी संकेत दिन्छौं ! हाम्रो परमेश्वरका सेवकाइहरूमा आउनुहोस् र हेर्नुहोस् !! प्रभु येशूले काम गरिरहनुभएको कुरामा हाम्रो विश्वास कस्तो छ भनेर हामीले महसुस गर्नेछौं ।



हामीसँग कुनै नियमित आर्थिक आम्दानी नभए पनि हरेक दिन प्रभुले आफ्ना मानिसहरूलाई कायम राख्नुभएको छ, जसले उहाँमाथि आफ्नो भरोसा राखेका छन् । उहाँ विश्वास योग्य हुनुहुन्छ । **तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ** (१ थेसलोनिकी ५:२४) ।

आत्माहरूका कारण हाम्रा जालहरू फाट्न लागेका छन् । कुनै पनि विज्ञापनहरूबिना धेरै सेवकाइहरू ! परमेश्वरका असंख्य सेवकहरू !! हामीले व्यवस्थापन गर्न संघर्ष !!! केही तरिका वा अन्य तरिकामा हामीसँग जोडिन आउनुहोस । **बोलावटको प्रतिध्वनि** सेवकाइहरूमा सहायता गर्ने हातहरू दिनुहोस्, जसको जालो आत्माहरूले फाट्न लागेका छन् । यो अगस्त १० तारिखका दिन **बोलावटको प्रतिध्वनि** सेवकाइहरू ५५ वर्षमा प्रवेश गर्न लागेको छ । अहिलेसम्म उहाँको अनन्त अनुग्रह हाम्रो सेवकाइहरूमा वर्षिरहेको छ । हामीले भनेका समस्याहरू र कठिनाइहरू चाँडो परिवर्तन भएको होस् भनेर कृपया प्रार्थना गरिदिनुहोस् । कृपया सहायता गरिदिनुहोस् । तपाईंले गर्न सक्ने कुरा तपाईंले गरिदिनुहोस् ! तपाईंले प्रेरणा पाएअनुसार गर्नुहोस् !!

परमेश्वरको अनुग्रह तपाईंसँग रहोस् ।

खीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

आकोरको बेँसी, जसको अर्थ "दुःख" वा "कष्ट" हो र त्यसपछि कसरी त्यो "आशाको ढोका" बन्यो। यो स्थान दुःख, समस्या, असफलता, श्राप, मृत्यु, विनाश र निराशाको निम्ति परिचित भएको थियो- यो कसरी आशा, नयाँ जीवन र नयाँ सुरुवातको स्थानमा परिणत भएको थियो ? तपाईंमध्ये कति जनाले यो पढिरहनुभएको छ भनेर मलाई थाहा छैन तर अहिले म आकोरको बेँसीमा छु, जहाँ हरेक थोक मृत र हराएको छ र मेरो निम्ति केहीले पनि काम गरिरहेको छैन। म हरेस खाने बिन्दुमा छु। स्थिर रहनुपर्ने बिन्दु छैन। मैले कोसिस गरें। तर अन्त्यमा ! अगाडि जाने बाटो छैन। तपाईंको निम्ति मसँग असल खबर छः असफलता र विनाशको चिन्ह भएको सोही बेँसी आशाको ढोका बनेको थियो र म प्रार्थना गर्दछु कि सोही परमेश्वरले तपाईंको जीवनलाई अझ सुन्दर, रङ्गीन र अर्थपूर्ण बनाउनुहुनेछ। किनभने उहाँ परमेश्वर हुनुहुन्छ र उहाँले शून्यबाट महान् काम गर्न सक्नुहुन्छ।

सबैभन्दा पहिले आकोरको बेँसीको महत्वको बारेमा हेरौं। त्यसको निम्ति तपाईंले अघिल्लो लडाइँलाई बुझ्नु जरुरी हुन्छ। यहोशूको नयाँ नेतृत्वको अधीनमा यरीहोको लडाइँ यहोशू र इस्राएलका मानिसहरूका निम्ति महत्वपूर्ण विजय थियो। तिनीहरूको बुझाइभन्दा पनि बाहिर तिनीहरूले परमेश्वरको अलौकिक शक्ति अनुभव गर्न सक्षम भएका थियो। विजयचाहिँ मानिसको सामर्थ्यभन्दा बाहिरको थियो। परमेश्वर आफैं कसरी तिनीहरूका निम्ति लड्नुभयो भनेर तिनीहरूले देखे। जब तिनीहरूले महान् विजयको अनुभव गरे, तिनीहरू पनि हामीजस्तै सन्तुष्ट बने। जब हामीले परमेश्वरको आशिष् पाउँछौं, हामी आराम गर्छौं, आशिष्को स्रोत को हुनुहुन्छ भनेर बिर्सन थाल्छौं र आशिष्मा आनन्द गर्न थाल्छौं। सोही आशिष् हाम्रो निम्ति पासो बन्न सक्छ भनेर विचार गर्दैनौं। हुन सक्छ हाम्रा आशिष् हाम्रो निम्ति पासोमा परिणत भएका छैनन् ! त्यसैले यरीहोको महान् विजयपछि परमेश्वरका मानिसहरूले समग्रमा सानो सहर ऐ विरुद्ध लडाइँको सामना गरे। तिनीहरूले भर्खरै शक्तिशाली यरीहोको विरुद्धमा लडाइँ जितेका थिए, त्यसैले तिनीहरूले सानो, व्यर्थको ऐ सहर विरुद्ध लडाइँ गर्न हिचकिचाएनन्। अघिल्लो विजय तिनीहरूको आफ्नो शक्तिबाट होइन तर परमेश्वरबाट आएको थियो भनेर बिर्से। अब तिनीहरू ऐ विरुद्ध लडाइँ गर्न जाने निर्णय गरे। त्यो ठूलो विपत्तिमा परिणत भएको थियो।

**यसैले तिनीहरूमध्ये करिब तीन हजार मानिसहरू गए तर तिनीहरूलाई ऐका मानिसहरूले परास्त गरे। करिब छत्तीस जना जतिलाई ऐका मानिसहरूले मारे र उनीहरूले सहरको मूल ढोकादेखि शबारीसम्म खेदेर ओह्रालोमा तिनीहरूलाई मारे। अनि इस्राएलीहरूको हृदय डरले गलेर पानीजस्तै भयो** (यहोशू ७:४,५)।

**इस्राएलीहरूको हृदय डरले गलेर पानीजस्तै भयो।** एक क्षणमा तिनीहरूले यरीहोमाथिको विजयमा परमेश्वरको भलाइमा आनन्द मनाइरहेका थिए, त्यसपछि अचानक सानो सहरले तिनीहरूलाई खेदे र स्पष्ठ रूपमा तिनीहरूलाई विनाश गरे, अब तिनीहरू ठूलो डरमा बसिरहेका छन्। के गलत भएको थियो भनेर यहोशूले बुझ्न सकेनन्, त्यसैले तिनी

*....Contd. to page 6*

## विशेष समाचार !

१. शैक्षिक सत्र २०२२-२०२३ को निम्ति **नहेम्याह बाइबल कलेजहरूको** दीक्षान्त समारोह ३ जून, पुरासावाल्काम, बिकेएनको प्राङ्गणमा आयोजना भएको थियो। बाइस जना विद्यार्थीहरू (केटाहरू र केटीहरू) दीक्षान्तित भएका थिए र सेवकाइको क्षेत्रमा पठाइएका थिए।

२. चेन्नाइ, चेपकाउ र भेलाचेरीमा तामिल र हिन्दी भाषामा गएको ५ जूनदेखि **नहेम्याह बाइबल कलेजहरू** संचालन हुन सुरु भएका छन्।

३. हाम्रो सान्थोसापुरम क्याम्पसमा भएको हाम्रो **नहेम्याह बाइबल कलेज** ३ जूलाइ २०२३ बाट तामिल भाषामा संचालन हुन सुरु भएको छ।

४. हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** तल्लो कक्षाहरू १२ जून र उच्च कक्षाहरू १४ जूनदेखि संचालन भएका छन्। नयाँ विद्यार्थीहरूले स्कुलमा भर्ना लिइरहेका छन्।

**भाइ हो, हाम्रो निम्ति प्रार्थना गरिदेओ** (१ थेसलोनिकी ५:२५)।


# RESIDENTIAL BIBLE COURSE
## NEHEMIAH BIBLE COLLEGE, Chennai.

Medium : Hindi

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years

| | | |
|---|---|---|
| Diploma in Ministry | : | One year |
| Diploma in Theology | : | Two years |
| Bachelor of Theology | : | Three years |

Qualification : 10th Standard & above
**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

**10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.**
**Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858**
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः अगस्त १९ देखि सेप्टेम्वर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

अगस्त १९: ३ जूलाइ २०२३ मा सान्थोसापुरममा **नहेम्याह बाइबल कलेज** पुनःसुरु गर्न आशिष् दिनुभयो ।

अगस्त २०: **नहेम्याह बाइबल कलेजमा** बि.टिएच. कोर्स सुरु गर्न हामीलाई आशिष् दिनुभयो ।

अगस्त २१: हाम्रो **नहेम्याह बाइबल कलेजहरू:** चेपकाउ, भेलाचेरी र सान्थोसापुरम को निम्ति नयाँ प्रधानाध्यापक रेभ. जोन स्टान्ले प्रदान गर्नुभयो ।

अगस्त २२: १६ वटा भाषामा भएका हाम्रा प्रकाशनहरूका निम्ति भारत दर्ता गरिएका पत्रिकाप्रति (आरएनआइ) इ-फाइलिङ गर्न र केन्द्रिय सरकारका औपचारिकताहरू पूरा गर्न उहाँको निर्देशन

अगस्त २३: समर्पित कर्मचारीहरूका साथमा हामीलाई आशिष् दिनुभयो, जसले एकै मनको साथमा आफ्ना जिम्मेवारीहरू पूरा गर्छन् ।

अगस्त २४: आफ्नो हालैको रोगबाट निको हुन भाइ इन्द्रजित रोयलाई सहायता गर्नुभयो ।

अगस्त २५: हामीलाई नैतिक र आर्थिक रूपमा सहायता गर्ने साझेदारहरूका साथमा आशिष् दिनुभयो ।

अगस्त २६: २०२३ अगस्त १० मा भएको ५५ औं वार्षिक समारोहमा आशिष् दिनुभयो ।

अगस्त २७: हाम्रो मुख्य मण्डलीमा युवा र युवतिहरूका निम्ति भएको हाम्रो जवान संगतिमा आशिष् दिनुभयो ।

अगस्त २८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको जीवनीको काममा आशिष् दिनुभयो ।

अगस्त २९: हाम्रो **नहेम्याह बाइबल कलेज** संकायहरू र उहाँका परिवारका सदस्यहरूमाथि आशिष् दिनुभयो ।

अगस्त ३०: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीहरूमाथि आशिष् दिनुभयो ।

अगस्त ३१: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरले आफ्नो अनुग्रह वर्षाउनुभयो ।

सेप्टेम्वर १: **बोलावटको प्रतिध्वनि** पत्रिका सेवकाइलाई सहायता गर्नुहुने समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभयो ।

सेप्टेम्वर २: प्लेट बनाउनेहरू, प्लेट ग्राइन्डरहरू, स्क्रिन प्रिन्टरहरू, आदिबाटको बाहिरी सहायताको साथमा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई आशिष् दिनुभयो ।

सेप्टेम्वर ३: हाम्रा सम्पूर्ण कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूलाई सुरक्षा दिनुभयो ।

### कृपया प्रार्थना गरौं...

सेप्टेम्वर ४: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिहरूबाट बचाउनुभएको होस् ।

सेप्टेम्वर ५: छापाखाना अपरेटरहरू, सवारी साधन चालकहरू र कम्प्यूटर अपरेटरहरूजस्ता हाम्रा प्राविधिक कर्मचारीहरूका निम्ति ।

सेप्टेम्वर ६: ख्रीटियानहरूको पुनर्स्थापनाको निम्ति, जो तिनीहरूमाथि आक्रमणको कारण कष्टमा परेका छन् ।

सेप्टेम्वर ७: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूका** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको लागि ।

सेप्टेम्वर ८: हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति कोर्सका सामाग्रीहरू अनुवाद गर्ने र पढाउनमा संलग्न भएका हाम्रा सहकर्मीहरूका निम्ति ।

सेप्टेम्वर ९: बिना कुनै मिसावट सत्य सुसमाचार प्रचार गर्न ख्रीष्टियान प्रचारकहरूका निम्ति ।

सेप्टेम्वर १०: जेलमा सेवकाइ गरिरहेका परमेश्वरका सेवकहरूका निम्ति ।

सेप्टेम्वर ११: पृथ्वीमा परमेश्वरको राज्य बिस्तार गर्न केन्द्रित दर्शन हामीलाई दिनको निम्ति ।

सेप्टेम्वर १२: **बोलावटको प्रतिध्वनिको** जवान र आउटरीच सेवकाइहरूका निम्ति ।

सेप्टेम्वर १३: हरेक मद्यपान गर्नेहरू र दुष्ट काम गर्नेहरू पश्चात्तापमा आउन सकेका होऊन् ।

सेप्टेम्वर १४: सबै मण्डलीहरू र ख्रीष्टियान संस्थाहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

सेप्टेम्वर १५: महिला र बालबालिका विरुद्ध हुने हिंसाबाट परमेश्वरको सुरक्षा ।

सेप्टेम्वर १६: हाम्रो सिनियर पास्टरको जीवन लेख्न अनुमति र अगुवामा परमेश्वरको उदारताको निम्ति ।

सेप्टेम्वर १७: मुख्य मण्डली र शाखा मण्डलीमा भएका **बोलावटको प्रतिध्वनिका** विश्वासीहरू र उहाँका परिवारको हीतको निम्ति ।

सेप्टेम्वर १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको बहुसंख्यक सेवकाइहरूका निम्ति नयाँ दर्शनको साथमा आशिष्को निम्ति ।

....Contd. from page 4

परमेश्वरकहाँ गए र परमप्रभुको सन्दुकको अघि लम्पसार परे। परमेश्वरको उपस्थितिभन्दा सबैभन्दा राम्रो स्थान अरू कहीँ पनि छैन । जब हामीले सम्हाल्न नसक्ने सङ्घर्ष, लडाइँहरू र पीडाको सामना गर्छौं, हामी येशूको चरणमा जाने र लम्पसार पर्न सिक्नु जरुरी छ। तापनि, धेरै समयमा हामीले यो बहुमूल्य स्थान बिर्सन्छौं र हाम्रा साथी र परिवारहरूलाई बताउने, सेवकहरूलाई बोलाउने निर्णय गर्छौं- मलाई गलत नलिनुहोस्, यी कार्य गर्दा केही पनि गलत हुँदैन- तर येशूको चरणमा हुनु हाम्रो निम्ति सबैभन्दा पहिलो स्थान हो, जुन मरियमलाई राम्ररी थाहा थियो ! कनानी स्त्रीजस्तै उहाँको चरणमा परौं, जसले आफ्नो छोरीको चङ्गाइको निम्ति येशूको चरणमा परेकी थिइन्। याकूबले परमेश्वरका दूतलाई समाते र भने, तपाईंले मलाई आशिष् नदिएसम्म म तपाईंलाई कहीँ पनि जान दिनेछैनँ। जसै तपाईंले पढ्नुहुन्छ, तपाईंले परमेश्वरबाट कुनै कुराको आशा गरिरहनुभएको छ भने सबैभन्दा पहिले उहाँको चरणमा परौं! मानिसको चरणमा पर्नुभन्दा उहाँको चरणमा पर्नु सबैभन्दा राम्रो कुरा हो। अनि भनौं, "प्रभु, तपाईंले मेरो जीवनमा केही नगरेसम्म म तपाईंलाई छोड्नेछैनँ ।"

जब यहोशू परमप्रभुको सन्दूकअघि लम्पसार परे, परमेश्वरले केही काम गर्नसक्नुभन्दा पहिले परमेश्वरले यहोशूलाई परमेश्वरको निगाहा प्राप्त गर्नको निम्ति तिनले गर्नुपर्ने कुरा देखाउनुभयो। पजलको हराएको टुक्रा पत्ता लगाउन तिनलाई उहाँले सहायता गर्दै- तिनीहरूको पराजयको कारण। प्रिय मित्रहरू, तपाईंले आफ्नो जीवनमा केही कुरा परिवर्तन गर्न परमेश्वरमा प्रार्थना गरिरहनुभएको छ भने सबैभन्दा पहिले परमेश्वरलाई सोध्नुहोस्, "प्रभु, ममा तपाईंले परिवर्तन गर्न चाहनुभएको कुरा के हो", हाम्रो परिस्थिति परिवर्तन गर्न परमेश्वरलाई सोध्नुअघि । **परमप्रभुले यहोशूलाई भन्नुभयो, "उठ, तैं किन यसरी घोप्टो पर्छस् ? इस्राएलले पाप गरेको छ !... यसैकारण इस्राएलीहरू आफ्ना शत्रुको साम्नु अब अडा हुन सक्दैनन्..."** (यहोशू ७:१०-१२) ।

यो विपत्ति अनुभव गर्नुको कारण दिएर परमेश्वरले यहोशूलाई निर्देशित गर्नुभएको थियो। एउटा मानिसको अनाज्ञाकारीताको कारणले गर्दा पूरै देशको पराजय भएको थियो भनेर परमेश्वरले यहोशूलाई व्याख्या गर्नुभयो । तिनीहरूले परमेश्वरको निर्देशन पालन गर्न पूर्णरूपमा असफल भएका । प्रिय मित्रहरू, परमेश्वरको चाहना र निगाहको साथमा हाम्रो जीवनलाई निरन्तर एकै राख्न आज्ञाकारिता महत्वपूर्ण कुरा हो। आज्ञाकारिता बलिदानभन्दा असल हो, आङ्शिक होइन तर पूर्ण आज्ञाकारिता । आङ्शिक आज्ञाकारिता पूर्ण अनाज्ञाकारिता हो ! परमेश्वरले तपाईंलाई केही काम गर्न भन्नुहुन्छ भने नहिचकिचाउनुहोस्, शङ्का नगर्नुहोस् र परिणामहरूका बारेमा नसोच्नुहोस्, केवल त्यसलाई गर्नुहोस् !

## आकोरको बैँसी

### १. अपमान र बेइज्जतको चिन्ह !

यरीहोको सम्बन्धमा परमेश्वरको निर्देशन स्पष्ट थियो । उहाँले भन्नुभयो, **तर नाशको निम्ति अर्पण गरिएका कुराहरूबाट तिमीहरू अलग रहनू नत्रता त्यही अर्पित कुराहरूबाट लिएर तिमीहरूले आफैंमाथि नाश ल्याउनेछौ र इस्राएलीहरूको छाउनीलाई श्रापित तुल्याउनेछौ र यसलाई सङ्कष्टमा पार्नेछौ** (यहोशू ६:१८) ।

तर आकानले केही सामानहरू लिने निर्णय गरे, जुन तिनको दृष्टिमा सुन्दर थियो र त्यति मात्रै होइन, तिनले त्यसलाई लुकाए पनि। बिचरा आकानले आफूले देखेका कुराहरूप्रति परमेश्वरको शक्तिलाई नजरअन्दाज गरे। परमेश्वर वास्तवमै आकानसँग क्रोधित हुनुभएको थियो ! **जब मैले लूटेको धनमा बेबिलोनिया देशको एक बढिया ओढ्ने दुई सय शेकेल ओजनको चाँदी र पचास शेकेल ओजनका सुनको एक डण्डा देखें, तब मलाई लोभ लाग्यो र ती लिएँ । ती मेरो पालको बीचमा जमिनभित्र गाडिएका छन् र सबैभन्दा मुनि चाँदी छ** (यहोशू ७:२१) ।

आकानको छनोट र निर्णयले गम्भीर परिणाम ल्याएको थियो । त्यसले आकानको पत्नी र छोराछोरीमाथि ठूलो प्रभाव ल्याएको थियो- यतिसम्म कि तिनीहरूले आफ्नो पिताको पापको निम्ति आफ्नो जीवन दिनुपरेको थियो । सारा देशको अघि तिनको पत्नी र छोराछोरीलाई मृत्युसम्मै ढुङ्गा हिर्काइएको थियो। यस कामले तिनीमाथि मात्रै अपमान ल्याएको थिएन तर तिनको सम्पूर्ण परिवारमाथि नै ल्याएको थियो ।

हामीले गुप्तमा गर्ने हरेक थोकले बाहिरी रूपमा गम्भीर परिणाम ल्याउँछ। आकानले सोचेको थियो, यसले त्यो गुप्तमा चोरेको थियो र गुप्तमा त्यो लुकाएको थियो। तर परमेश्वरले त्यसलाई प्रकाशमा ल्याउनुभएको थियो र आकान र तिनको परिवारलाई दण्ड दिइएको थियो। हामीले गुप्तमा गर्ने कुनै पनि कामको बारेमा सावधान होऔं । **किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय**

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
Medium : Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years
Qualification : 10th Standard & above
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

**परमेश्वरले गर्नुहुनेछ** (उपदेशक १२:१४) । परमेश्वरको क्षमा माग्ने अवसरको रूपमा यसलाई केही मिनेटको लागि लिनुहोस् ताकि हाम्रा गुप्त कार्यहरूबाट हाम्रा छोराछोरी प्रभावित नभएका होऊन् ।

हाम्रा कार्य एउटा व्यक्तिको साथमा अन्त्य हुँदैन । यसले ठूलो दूरगामी असर पारेको हुन्छ । मेरो छनोटहरू, मेरा निर्णयहरू र मेरो अनाज्ञाकारीताले भविष्यमा भएका पुस्ताहरूमा ठूलो प्रभाव पार्नेछ । तापनि कलवरीको क्रूसको निम्ति परमेश्वरलाई धन्यवाद । **किनकि जसरी एउटै मानिसको अनाज्ञाकारीताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारीताद्वारा धेरै जना धार्मिक बनाइनेछन्** (रोमी ५:१९) ।

मैले आकानको कथालाई तिनको परिवारको दृष्टिबाट हेरिरहेको थिएँ । यो अवस्थाको बारेमा तिनको छोराछोरी र पत्नीले के सोचे होलान् ? यो पापमा तिनीहरूको संलग्नताको बारेमा केही पनि भनिएको छैन । त्यसैले, शङ्काको लाभको लागि तिनीहरूलाई यसको बारेमा केही पनि थाहा थिएन भनेर हामीले विचार गरौं । एउटा सुन्दर बिहानी तपाईंलाई सम्पूर्ण देशले अलग बनाएको थियो । कसैको गल्तीको कारण तपाईं सहभागी नहुनु भएको केही कामको निम्ति तपाईंलाई दोष्याइएको, अपमान गरिएको र शर्ममा पारिएको थियो ।

हुन सक्छ, तपाईंले यो पढिरहँदै गर्दा कसैको गल्तीको कारणले गर्दा म यो अवस्थामा छु भनेर तपाईंले सोचिरहनुभएको छ । त्यसको निम्ति मलाई किन जरिवाना तिराइँदैछ ? यो कसरी असल हुन सक्छ ? परमेश्वरले किन यसको बारेमा केही पनि गर्नुहुन्न ?

अर्कोतिर, तिनीहरूलाई केही कुरा थाहा भएको हुन सक्छ- तिनले केही कुरा लुकाइरहेको सायद तिनीहरूले देखेका थिए तर त्यसको बारेमा चुपचाप बसे । मैले सोचिरहेको छु, "मैले किन चिन्ता लिने ?" यसलाई शान्त सहभागिता भनिन्छ । कहिलेकाहीँ हामीले जान्नु जरुरी हुन्छ कि जब परमप्रभुको विरुद्धमा केही काम भएको हुन्छ, हामी शान्त रहन सक्दैनौं । सही भएको कुराको निम्ति हामी खडा हुनुपर्छ ।

आकानको पापको कारण इस्राएलीहरू परमेश्वरको अघि दोषी भएका थिए । केवल एक जना व्यक्तिले मात्रै अनाज्ञाकारीतामा काम गरेका थिए तर सबै इस्राएलीहरूले जिम्मेवारी उठाएका थिए । एक जना मानिसको अपराधको निम्ति किन परमेश्वरले पूरै देशलाई दण्ड दिनुभयो ? यो संसारमा कसरी पाप आएको थियो ? एउटै मानिसको अनाज्ञाकारीताको कारणले र यसले सम्पूर्ण संसारमा प्रभाव पारेको थियो । तर एक जना मानिसको आज्ञाकारीले (येशू ख्रीष्ट) हामीमा मुक्ति ल्याएको कुरामा परमेश्वरलाई धन्यवाद ! आकानको पापले सम्पूर्ण समुदायमा गहिरो प्रभाव पारेको थियो !

## २. लुकाइएको पापको चिन्ह

आकानको अनाज्ञाकारीताले तिनलाई आफ्नो पाप लुकाउनतिर अगुवाइ गऱ्यो । तिनले के गरेको थियो भन्ने बारेमा कसैलाई थाहा थिएन । तिनको लोभ, छल, आदिले अन्त्यमा तिनको आफ्नो जीवनले मात्रै मोल तिरेन तर तिनको पूरै परिवारले पनि । भजनसंग्रहका लेखकले १३९ अध्यायमा भनेझैं परमेश्वरलाई हरेक कुरा थाहा छ ।


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**



## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।



## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

## आश्चर्यकर्मको निम्ति उहांमाथि विश्वास




१९७१ सालमा मेरो सेवकाइको सुरुका दिनहरूको समयमा मैले चेन्नाइमा भएको हुलाक कार्यालयमा आवेदन दिएको थिएँ र २९५७ नम्बरको पोस्ट बक्स पाएको थिएँ। ती दिनहरूमा मेरा पत्रहरू प्राप्त गर्न मेरो निम्ति यो अत्यन्तै आवश्यक थियो किनकि मसँग स्थायी ठेगाना थिएन।

ती दिनहरूमा मैले ठूलो आर्थिक समस्याको सामना गरेको थिएँ किनकि मैले आफ्नो मासिक तलबबाटको आम्दानीबाट सेवकाइका क्रियाकलापहरू चलाउनुपर्थ्यो। विभिन्न समयमा म भोकमरीबाट गुज्रिनुपर्थ्यो र आर्थिक रूपमा कठिन समय सामना गर्नुपर्थ्यो। तर परमेश्वर मसँग हुनुहुन्थ्यो र मेरो सेवकाइ र जीवनका सम्पूर्ण आवश्यकताहरूका निम्ति म उहाँलाई भरोसा गर्न सक्षम थिएँ र मैले प्रभुको हात ममाथि परेको देख्न सक्थें।

१९७६ वर्षमा एक अवसरमा मैले **बोलावटको प्रतिध्वनि** पत्रिका छपाइको निम्ति भएका खर्च तिर्न सकेको थिइनँ। मैले केही दिनसम्म प्रार्थना गरें र मैले परमेश्वरबाट कुनै पनि जवाफ प्राप्त गरिनँ। पोस्ट बक्स सुविधा रद्द गर्ने र रु. ५०० धरौटी रकम फिर्ता लिनेबाहेक अन्य कुनै स्रोत मसँग थिएन।



## उहाँले हामीलाई हाम्रो दुर्दशामा स्मरण गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ (भजनसंग्रह १३६:२३)।

त्यसैले, म हुलाक कार्यालयमा गएँ र मेरो पोस्ट बक्स सुविधान रद्द गर्न र मैले तिरेको रु. ५०० धरौटी रकम फिर्ता गर्न पोस्ट मास्टरलाई निवेदन दिए। उहाँले पोस्ट बक्स पुनः प्राप्त गर्न कठिनाइ हुने कुरा व्याख्या गरेर मलाई मनाउने कोसिस गर्नुभयो र मेरो निवेदनमाथि कारवाही गर्न ढिला गर्नुभयो। मेरो असहायपनको बारेमा म अत्यन्तै निरास थिएँ। अन्त्यमा, पोस्ट मास्टरले पोस्ट बक्सको सुविधा रद्द गरिदिनुभयो र धरौटी रकम फिर्ता गरिदिनुभयो।

जब म पोस्ट मास्टरको कार्यालयबाट निस्कें, गोभिन्दान नाम भएको हुलाक कार्यालयका सदस्यहरूमध्ये एक जनाले मलाई भेट्नुभयो र पोस्ट बक्स रद्द गर्नुको कारण सोध्नुभयो। मैले उहाँसँग मेरो कठिन आर्थिक अवस्थाको बारेमा बाँडें। उहाँले तुरुन्तै केही रकम व्यवस्था गरिदिनुभयो र मलाई पोस्ट मास्टरकहाँ फिर्ता लैजानुभयो र धेरै दबाब दिएर सेवकाइको निम्ति सोही पोस्ट बाकस फिर्ता गर्न मलाई सहायता गर्नुभयो। हामीले अहिले पनि हाम्रो सेवकाइको निम्ति सोही पोस्ट बक्स प्रयोग गरिरहेका छौं। परमेश्वरलाई महिमा भएको होस्! मेरो जीवनका उतारचढावका समयमा परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले गरिबी, रोग र अन्य खाँचोको समयमा मलाई सहायता गर्न आफ्ना स्वर्गदूतहरू पठाउनुभयो। उहाँ महान् परमेश्वर हुनुहुन्छ। सोही परमेश्वरले कुनै पनि समयमा कसैको जीवनमा कुनै पनि आश्चर्यकर्म गर्न सक्नुहुन्छ। प्रिय पाठकहरू, तपाईंले पनि आफ्नो जीवनमा आश्चर्यकर्मको निम्ति उहाँको निम्ति विश्वास गर्न सक्नुहुन्छ। *******

---

**हे परमप्रभु, तपाईंले मेरो पारख गर्नुभएको छ अनि मलाई चिन्नुहुन्छ। तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो विचार बुझ्नुहुन्छ। तपाईंले मेरो बाहिरि जवाइ र मेरो सुताइ स्पष्टसँग जान्नुहुन्छ र मेरा सबै आचरणहरूसँग तपाईं परिचित हुनुहुन्छ। मेरो जिब्रोमा कुनै कुरा आउनुअघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले जान्नुहुन्छ।**

जब हामीले आफ्ना पाप लुकाउँछौं, त्यसमा गम्भीर परिणाम हुन्छ। त्यो लुकाइएको स्थान प्रकाशमा ल्याइनेछ। **तिनीहरूका सबै चालमा मेरो दृष्टि पुगेको छ। ती मदेखि लुकेका छैनन्, न त तिनीहरूको पाप मेरो दृष्टिबाट लुकेको छ** (यर्मिया १६:१७)।

हाम्रा लुकेका गुप्त कुराहरू परमेश्वर जान्नुहुन्छ। हामीले ती परमप्रभुको अघि फैलाउनु जरुरी छ। उहाँको अनुग्रह नै पर्याप्त छ ताकि हामीलाई आकानजस्तै गरी व्यवहार नगरिएको होस्। हाम्रा हृदयका चाहनाहरू परमेश्वरलाई थाहा छ। हामीले गर्ने हरेक के र किन भन्ने पछाडिको भित्री उद्देश्य प्रकाशमा ल्याइनेछ- अन्धकारमा भएको पनि। हामी पराजय, अपमान र पासोको स्थानबाट टाढा जान चाहन्छौं भने हामी परमेश्वरको अघि शुद्ध हुन आउनु जरुरी हुन्छ। परमेश्वरसँग इमानदार हुनुहोस्, पुरानो करारको दिनमा भन्दा फरक, हामीसँग येशूको रगत छ, जसले हाम्रो निम्ति मध्यस्थता गर्नेछ र हामीलाई धुनेछ, यदि हामी माग्छौं भने मात्रै।

**आकानले यहोशूलाई भन्यो, “साँचो हो, मैले परमप्रभु इस्राएलका परमेश्वरको विरुद्धमा पाप गरेको छु र मेरो अपराध**

**यो हो । जब मैले लूटेको धनमा बेबिलोनिया देशको एक बढिया ओढ्ने, दुई सय शेकेल ओजनको चाँदी र पचास शेकेल ओजनका सुनको एक डण्डा देखें, तब मलाई लोभ लाग्यो र ती लिएँ । ती मेरो पालको बीचमा जमिनभित्र गाडिएका छन् र सबैभन्दा मुनि चाँदी छ ।" तब यहोशूले दूतहरू पठाए र तिनीहरू दगुरेर त्यस पालमा गए र ती त्यसको पालमा गाडिराखेका रहेछन् र चाँदीचाहिँ सबैभन्दा मुनि रहेछ । अनि तिनीहरूले ती माहरू पालको बीचबाट निकालेर यहोशू र सबै इस्राएलीहरूकहाँ ल्याए र परमप्रभुको सामु राखिदिए** (यहोशू ७:२०-२३) ।

कृपया हामीले आफैंलाई जाँच गरौं । के हाम्रो जीवनमा लुकेका पापहरू छन् ? तपाईंले आफ्नो समय कसरी बिताउनुहुन्छ ? कसैले पनि नहेरिरहेको समयमा तपाईंले के गर्नुहुन्छ ? तपाईंले आफ्नो फोनमा कस्ता प्रकारका कार्यक्रमहरू हेर्नुहुन्छ ? के तपाईंले परमेशवरसँग समयभन्दासामाजिक संजालहरूमा धेरै समय बिताइरहनुभएको छ ? के तपाईंले हाम्रा समस्याका बारेमा कुराकानी गरिरहनुभएको छ वा के हामीले हाम्रा प्रतिज्ञाहरूलाई दाबी गरिरहेका छौं ? के तपाईंसँग गुप्त जीवन छ ? परमेश्वरसँगै हृदयदेखि हृदयसम्मै कुरा गर्ने समय यही हो । **बन्द ढोकापछाडि हामीले गरेका कामहरूले अर्थ राख्छ ! परमेश्वरको वचन अधिक पढ्नुहोस् र धेरै प्रार्थनामा समय बिताउनुहोस् ।**

## ३. नयाँ सुरुवात र आशाको चिन्ह

अपमान, पराजय, लाज, शर्म र मृत्युको चिन्ह आकोरको बैंसी नयाँ आशा र नयाँ सुरुवातको चिन्ह बनेको थियो । त्यो आशाको ढोका बनेको थियो (होशे २:१५) । यो कसरी सम्भव हुन्छ ?

आकान र तिनको परिवारको मृत्यु (परमप्रभुको दण्ड) पछि सम्पूर्ण इस्राएल देशले पश्चात्तापमा परमप्रभुको खोजी गरे । परमप्रभुले पापसँग सामना गर्नुभएपछि उहाँले आफ्नो निगाहा पुनर्स्थापित गर्नुभयो । उहाँ फेरि तिनीहरूसँग क्रोधित हुनुभएन । फेरि हामी क्रूसद्वारा आशिषित भएका छौं कि हामीले कुनै पनि दण्डलाई बोक्दैनौं । जब हामीले आफ्ना पाप स्वीकार गर्छौं, हामीलाई क्षमा दिन उहाँ विश्वासयोग्य हुनुहुन्छ । **त्यहाँ म त्यसलाई त्यसका दाखबारीहरू फिर्ता गर्नेछु र आकोरको बैंसीलाई चाहिँ आशाको ढोका तुल्याइदिनेछु । त्यहाँ त्यसले आफ्नो युवावस्थाका दिनमा जस्तै र मिश्रदेशबाट आएको दिनमा झैं गीत गाउनेछ** (होशे २:१५) । त्यो आशिषको स्थान बनेको थियो ।

हुन सक्छ, तपाईंले यो पढिरहनुभएको छ, तपाईं अब बन्द भएको बाटोमा आउनुभएको छ भनेर तपाईंले सोचिरहनुभएको छ, बाहिर निस्कने कुनै बाटो छैन, आशा छैन, तपाईंको वरिपरि भएका हरेक थोक अत्यन्तै नकारात्मक छ, तपाईंले भर्खरै मात्र अत्यन्तै निरासाजनक सन्देश सुन्नुभएको हुन सक्छ, तपाईंले सोच्नुभएको हुन सक्छ, यही नै अन्त्य हो, पूर्णबिराम ! मेरो प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, प्रभु येशू ख्रीष्ट यस संसारमा असम्भव कुरालाई सम्भव गर्न आउनुभयो । उहाँले मरेको गर्भलाई जीवन दिन सक्ने हुनुहुन्थ्यो, मृतकलाई जीवित बनाउन, अन्धो आँखालाई खोल्न, जहाँ कुनै बाटो थिएन, उहाँ बाटो खोल्न सक्ने हुनुहुन्थ्यो । के तपाईंले पूर्णरूपमा आशाहीन भएको महसुस गरिरहनुभएको छ । तपाईंको निम्ति मसँग असल समाचार छ । परमप्रभुले तपाईंको शिरलाई सोही स्थानमा उचाल्नुहुनेछ, जहाँ तपाईंलाई शर्ममा पारिएको थियो । उहाँले तपाईंको शिर उचाल्नुहुनेछ र तपाईंका शत्रुका उपस्थितिमा तेलले तपाईंको शिर अभिषेक गर्नुहुनेछ । त्यस्तो हुनको निम्ति हामीले केही काम गर्नु जरुरी हुन्छ । हामीले परमेश्वरसँग इमानदार हुनु जरुरी छ, उहाँको दृष्टिमा प्रसन्न नपार्ने कुराहरूलाई घोषणा गर्नुहोस् र उहाँको क्षमा र सहायता माग्नुहोस् ताकि हामीले त्यसलाई बारम्बार नदोहोऱ्याएका होऔं ।

परमेश्वरसँग हाम्रो सम्बन्ध पुनर्स्थापना गर्नु महत्वपूर्ण कुरा हो । परमेश्वरसँग हाम्रो सम्बन्ध सही बनाएपछि परमेश्वरले तपाईंको पूर्णबिरामलाई अल्पबिराममा परिणत गर्नुहुनेछ, केही उत्साहको साथमा निरन्तर हुने कथा, हाम्रो प्रभुले लेख्नुहुने महान् पृष्ठहरू । जब परमप्रभुसँग तपाईंको सम्बन्ध पुनर्स्थापित हुन्छ, तपाईंले गुमाउनुभएका सबै थोक पुनर्स्थापित हुनेछ ।

जब तपाईंले परमप्रभुलाई खोजी गर्नुहुन्छ, द्वन्द्व र पीडाको स्थान भएको सोही स्थान (आकोरको बैंसी) आरामको स्थान बन्नेछ । **मलाई खोज्ने मेरा प्रजाहरूका निम्ति शारोनचाहिँ भेडाबाख्राहरूको चरन र आकोरको बैंसीचाहिँ गाईबस्तुहरूका विश्रामको ठाउँ हुनेछ** (यशैया ६५:१०) ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, आकोरको बैंसीदेखि आशाको ढोकासम्मको यात्राचाहिँ यस्तो हुन्छः

- अपमानदेखि आशाको यात्रा
- तोडाइदेखि केही नयाँ निर्माण गर्ने
- निरासा, पराजय, आशाहीनता, मृत्युको यात्रादेखि आनन्दको गन्तव्यसम्म
- हामीले परमेश्वरसँग हातेमालो गरेर हाम्रा समस्याहरू र कष्टहरू सम्हाल्ने निर्णय गर्छौं भने- जसले हामीलाई आशा दिनुहुन्छ
- हामीले आफ्ना शोकलाई बनाउने निर्णय गर्छौं भने आकोरको बैंसी सिकाइको निम्ति अवसर हो
- हामीले "कष्टले धैर्य र धैर्यले अनुभव र अनुभवले आशा" हेर्ने निर्णय गर्छौं भने । त्योचाहिँ क्रम हो ।
- पहिलो दुई- कष्ट र धैर्यबिना हामीले आशा पाउन सक्दैनौं भनेर हामीले सिक्नु जरुरी हुन्छ ।
- उहाँले मलाई अगुवाइ गर्नुभएको छ र अघिल्ला अवसरहरूमा मसँग हुनुहुन्छ, अब उहाँले मलाई छोड्न लाग्नुभएको छ भनेर कुनै पनि मार्ग छैन भनेर हामीले विश्वास गर्नु जरुरी हुन्छ ।
- कुनै पनि सुधार आनन्दमय अनुभव हुनेछैन, यो गाह्रो, पीडादायी र हल्लाउने प्रकारको हुनेछ तर अन्तिम परिणमचाहिँ निश्चय आशिष् हुन्छ ।

जब तपाईंले आज आफैंलाई परमेश्वरको हातमा सुम्पनुहुन्छ, तपाईंले माग्नुभएको र कल्पना गर्नुभएको भन्दा अझ धेरै उहाँले गर्न सक्नुहुन्छ भनेर म प्रार्थना गर्दछु । येशूको नाउँमा तपाईंको आकोरको बैंसी आशाको ढोका बनेको होस् !

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### 2. Bank : ICICI Bank

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### 3. Bank : State Bank of India

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th AUGUST 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

**JESUS LOVES YOU!**

**To**

GOD BLESS YOU!

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**